## २०७६ साल पौष ९ गते बुधबार दिनको ३:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मोदी गाउँपालिका र शियान शहर बीच भगिनी सम्बन्ध स्थापनाका लागि परामर्श उपलब्ध गराउने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक वृद्धि सम्वन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको ताल संरक्षण तथा विकास प्राधिकरणको कार्यकारी प्रमुख छनौटका लागि छनौट समिति गठन गर्ने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

४. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पर्यटकीय गन्तव्यहरुको भौतिक पूर्वाधार विकास कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्वन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरियो।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत गरियो।

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न बनेको विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो।

८. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वातावरण संरक्षण गर्न बनेको विधेयक आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत प्रदेश सभामा पेश गर्न स्वीकृति दिइयो।

९. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रदेश दुग्ध विकास बोर्डको संरचना हेरफेर गर्ने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

१०. भौतिक पूर्वाधार विकास मन्त्रालयको कार्यक्रम स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

११. भौतिक पूर्वाधार विकास मन्त्रालयको आधारभूत खानेपानी योजना स्वीकृत गरियो।

१२. भौतिक पूर्वाधार विकास मन्त्रालयको पोखरा स्क्वास खेल तथा कार्यालय सामग्री खरिद कार्यक्रम स्वीकृत गरियो।

१३. भौतिक पूर्वाधार विकास मन्त्रालयको सार्वजनिक खरिद सम्बन्धी प्रदेश नियमावलीको मस्यौदा स्वीकृत गरियो।

१४. सामाजिक विकास मन्त्रालयको कूलपति पदमा नियुक्तिका लागि सिफारिश समितिको कार्य अवधि थप गरियो।

१५. सामाजिक विकास मन्त्रालयको न्यासिक परिषद्को सदस्य नियुक्तिका लागि सिफारिश समिति गठन गरियो।

१६. सामाजिक विकास मन्त्रालयको कार्यविधि स्वीकृत गर्ने सम्बन्धी विषयको प्रस्ताव आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको सहमति समावेश गर्ने गरी स्वीकृत गरियो।

१७. सामाजिक विकास मन्त्रालयको निःशुल्क छारे रोग सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन स्वीकृतिका लागि नेपाल सरकारमा सिफारिश गर्ने सम्वन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।